हतुवागढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः २६ | मितिः २०७५/०८/०९

## भाग-२

## *हतुवागढी गाउँपालिका*

**हतुवागढी गाउँपालिकाको टोल विकास संस्था व्यवस्थापन कार्यविधि, २०७५**

(कार्यपालिकाबाट पारित मिति :२०७५।०८।०८)

## प्रस्तावना

हतुवागढी गाउँपालिका घोडेटार, भोजपुरको प्रत्येक वस्ति तथा टोलमा वसोवास गर्ने साझा भावना वोकेका वासिन्दाहरुलाई ऐक्यवद्धता गराई स्थानीय रुपमा उपलब्ध श्रम, सिप, साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरि समाजमा वढ्दो नकारात्मक सोचको कारण फैलिएको विकृतिहरुलाई हटाउनको निमित्त, गाउँपालिकाको सेवा, सुविधा प्रवाहलाई सुदृढिकरण गर्न र विशुद्ध सामाजिक सेवाको भावनाले कार्य गराउन, सहभागितात्मक योजना तर्जुमा तथा कार्यान्वयन गर्न, उद्यमि समाजको निमार्ण गर्न तथा टोलका समुदायहरुलाई संस्थागत रुपमा विकास गरि विशुद्ध सामाजिक भावनाको साथ वस्ति तथा टोल विकासमा प्रतिस्पर्धात्मक रुपमा सरिक गराउन सामाजिक संस्थाको रुपमा गाउँपालिका क्षेत्र भित्रका प्रत्येक टोल वस्तीमा टोल विकास संस्था गठन, संचालन तथा व्यवस्थपन गर्न बान्छनीय भएकोले यो विधान  निमार्ण गरिएको छ ।

## परिच्छेद-१

(प्रारम्भिक)

## १. संक्षिप्त नाम, गठन र प्रारम्भ

क) यो कार्यविधिको नाम " **टोल विकास संस्था व्यवस्थापन कार्यविधि, २०७५"** रहनेछ ।

ख) भोजपूर जिल्ला, हतुवागढी गाउँपालिकाका प्रत्येक वडाका कुनै एक तथा सो भन्दा बढी टोल -बस्तीमा बसोबास गर्ने कम्तिमा १५ देखि बढीमा ६५ घर भएपछि मात्र टोल-बस्ति संस्था गठन हुनेछ । ३० सदस्य भन्दा कम सदस्य भएको टोल विकास संस्था छुट्न/फुट्न पाउने छैन ।

ग) टोल विकास संस्था गठन गर्दा प्रत्येक टोल विकास संस्थाको नामाकरण सहित गठन हुनेछ ।

घ) संस्थाको कार्य क्षेत्र भोजपूर जिल्ला, हतुवागढी गाउंपालिकाका सम्पूर्ण वडाको टोल तथा वस्तिभरी रहने छ । साथै यो विधान संस्थाको विधान हुनेछ ।

ङ) संस्थाको कार्यालय भोजपूर जिल्ला, हतुवागढी गा.पा.को सम्वन्धित वडामा टोल वस्तिलाई पायक पर्ने स्थानमा हुनेछ ।

च) प्रारम्भ :- यो विधान हतुवागढी गाउँ कार्यपालिका घोडेटार, भोजपूरको बैठकबाट स्वीकृत भएको मिति वाट लागु हुने छ ।

## २. परिभाषा :

परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "विधान वा कार्यविधि" भन्नाले भोजपूर जिल्ला, हतुवागढी गाउँपालिकाको "**टोल विकास संस्था व्यवस्थापन कार्यविधि, २०७५**" सम्झनु पर्दछ ।

ख) "समुह" भन्नाले उल्लेखित टोल तथा वस्तिमा वसोवास गर्ने अनुसुचि १ मा उल्लेखित घरघुरी वा साधारण सदस्य भएको समुदायलाइ जनाउने छ ।

ग) "कार्य समिति" भन्नाले टोल तथा वस्ति विकास संस्थाको सञ्चालक समितिलाई जनाउनेछ ।

घ) "व्यवस्थापन समिति" भन्नाले यस विधान अन्तर्गतका समिति वा उप समितिहरु सम्झनु पर्नेछ ।

**ङ**) "तोकिए बमोजिम" भन्नाले यो विधान वा यस विधान अर्न्तगत रहि बन्ने नियम वा उप नियमले तोकेको कुरालाई जनाउने छ ।

च) "कर्मचारी" भन्नाले संस्था संचालनको लागि आवश्यक हुने नियुक्त प्राविधिक तथा अप्राविधिक वैतनिक जनशक्तिलाई जनाउने छ ।

छ) **"**कोष" भन्नाले"टोल वस्ती संस्थाको विधान, २०७५" बमोजिम स्थापित कोषलाई वुझाउने छ ।

ज) गाउँपालिका भन्नाले हतुवागढी गाउँपालिका घोडेटार, भोजपुर सम्झनु पर्दछ ।

झ) गाउँकार्यपालिकाको कार्यालय भन्नाले हतुवागढी गाउँकार्यपालिकाको कार्यालय घोडेटार, भोजपूर सम्झनु पर्दछ ।

ञ) सम्वन्धित वडा कार्यालय भन्नाले हतुवागढी गाउँपालिका, भोजपूरको तोकिएको वडाको कार्यालय सम्झनु पर्दछ ।

ट) संस्था भन्नाले टोल विकास संस्था भन्ने सम्झनु पर्दछ ।

ठ) विधान भन्नाले टोल विकास संस्था व्यवस्थपन कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

ड) संस्थाको आफ्नै छाप हुनेछ । सस्थाको छाप र चिन्ह (लोगो) अनुसूची २ अनुसार हुनेछ ।

ढ) संस्थाको लेटर प्याड :- संस्थाको आफ्नै लेटरप्याड हुनेछ । अनुसूचि २ मा उल्लेखित छाप र लोगो सिरानमा रहेको लेटरप्याड हुनेछ ।

# परिच्छेद - २

(संस्थाको उद्देश्य तथा कार्यहरु)

## ३. टोल विकास संस्थाको उदेश्य देहाय बमोजिम हुनेछ ।

क) यो संस्था मुनाफा रहित जनहितकारी संस्था हुनेछ ।

ख) टोल बस्तीको विकासमा सामूहिक सहभागिता जुटाउनको लागि सक्रिय रहने ।

ग) टोल वस्तीका बासिन्दाहरुको क्षमता अभिवृद्धि गरि आफ्नो संस्कृतिको जगेर्ना गर्ने ।

घ) टोल बस्ती विकासका लागि स्थानिय स्रोत परिचालन गर्ने ।

ङ) विभिन्न विकास निर्माण तथा जनचेतना कार्यक्रम मार्फत विभिन्न जात, जाति , धर्म ,लिङ्ग , वर्गलाई समेट्दै समाजमा रहेका अन्ध विश्वास भ्रष्टचार र ढिलासुस्ती विरोधी चेतनामुलक कार्यक्रम संचालन गर्ने ।

च) गाउँ समाजमा रहेका वाल शोषण, गरिवी, अशिक्षा, अन्धविस्वास महिला हिंशा लगायत युवा वेरोजगारको अन्त्य गर्नका लागी सिप मुलक आयमुलक कार्यक्रम गर्ने ।

छ) विभिन्न विकास निर्माण सडक ढल, खानेपानि, बिद्युत तथा स्वास्थ्य, शिक्षा आदि सम्वन्धि कार्य गर्ने ।

ज) स्थानिय पर्यटन प्रवर्धन सम्वन्धि कार्यहरु गर्ने ।

झ) प्राप्त रकम पायक पर्ने गाउंपालिकाले सिफारिस गरेको बैंक खातामा जम्मा गरी खर्च गर्ने ।

ञ) संस्थामा आवद्ध सदस्यहरुको नियमित बचत जम्मा गर्ने ।

## ४. संस्थाको कार्यहरु

क) संस्थाले प्रचालित नेपालको कानुन बमोजिम सम्वन्धित निकाय बाट अनुमति वा ईजाजत प्राप्त गरेर मात्र उपरोक्त उद्देश्य कार्यन्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने जग्गा, भवन खरिद वा भाडामा वा लिजमा लिने छ । कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता सामान तथा सवारी साधन खरीद वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी कार्यविधि निर्माण गरि सोही अनुरुप नियूक्ति गर्ने तथा निजको सेवा तथा सर्तहरु निर्धारण गर्ने छ ।

घ)  संस्थामा प्राप्त रकम बैकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ ।

ङ) व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने र सार्वजनिक निर्माण, सरसफाई र वातावरण संरक्षणका लागि दान दायित्व लिन दिन सक्नेछ ।

च) यसले ब्यक्ति सरह यसको विधान विपरीत भए वा गरिएका कामका विरुद्ध नालिस, उजूर गर्न सक्ने छ र यस संस्था उपर समेत नालिस उजुर लाग्न सक्ने छ ।

छ) आवश्यक देखिएका गाउँ वस्तीहरु र स्थानहरुमा क्रमश कृषि सडक पु¥याउने कार्य गर्नेछ ।

ज) गाउँपालिका लगायत सार्वजनिक निकाय र अन्य संघ संस्थाबाट सम्वन्धित टोल भित्र संचालन गर्ने गरि छनौट भएका योजना तथा कार्यक्रमहरु बुंदा ११ को कार्यसमितिले संचालन गर्न सक्नेछ ।

# परिच्छेद - ३

(सदस्यता)

## ५. सदस्यताको वर्गिकरण :-

यस विधानको उदेश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखि विधान लाई स्वीकार गर्ने स्थानिय टोलबासि यस संस्थाको देहाय बमोजिको सदस्य बन्न सक्नेछन ।

क) साधारण सदस्य : बुंदा ६ वमोजिम योग्यता पुगेको नेपाली नागरिकता प्राप्त व्यक्ति प्रवेश शुल्क रु ५०। र साधारण सदस्यता शुल्क १००। वुझाई साधारण सदस्य वन्न सक्ने छन।

ख) आजिवन सदस्य : कुनैपनि व्यक्तिले रु २५०० ।- शुल्क वुझाई आजिवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

ग) मानार्थ सदस्य : संस्थामा सक्रिय भई काम गरी विशिष्ट योगदान गर्ने व्यक्तिलाई संस्थाको मानार्थ सदस्यता दिन सकिनेछ ।

घ) टोल तथा बस्तीमा रहेका प्रत्येक घरबाट १८ वर्ष उमेर पुगेका एक जना मात्र उल्लेखित क.ख.ग अनुरुपको सदस्य हुन सक्नेछन ।

## ६. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता

क) १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

ख) नैतिक पतन देखि फौजदारी मुद्धामा सजाय नपाएको,

ग) नेपाल सरकारको ऐन कानुन वमोजिम अयोग्य नठहरिएको,

घ) मगज नविग्रेको व्यक्ति,

ङ) संस्थाको विधान तथा निति नियम पालना गर्ने व्यक्ति ।

च) टोल बस्तिमा स्थायि बसोवास गर्ने

## ७. संस्थाको सदस्य नियुक्त हुन वा वहालमा रहन नसक्ने अवस्था ।

देहायका कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ती हुन सक्ने छैन ।

क) गैह्न नेपालि नागरिक र १८ वर्ष पुरा नगरेको व्यक्ति ।

ख) मंगज विग्रेको वा पागल भएको व्यक्ति ।

ग) दामासाहिमा परेको व्यक्ति ।

घ) कुनै प्रकारको चोरी, ठगी, जालसाजी वा अनधिकृत तवरले धनमाल आर्जन गर्ने व्यक्ती ।

ङ) संस्थाको व्यवसायमा निजि स्वार्थ भएको व्यक्ति । (च) सदस्यता शुल्क वुझाउन बाँकि भएको व्यक्ति ।

छ) टोल तथा बस्तीको क्षेत्र भित्र स्थायि बसोबास नभएको व्यक्ति ।

## ८. संस्थामा नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन :-

क) बुंदा ७ वमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने अबस्था भएमा ।

ख) साधारण सभावाट सदस्य संख्याको ७५% को बहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पास गरेमा ।

ग) सदस्यले आफ्नो पदवाट दिएको राजिनामा स्वीकृत भएमा ,

घ) संस्थाको काम कारवाहिमा वेईमानि वा वदनियत पूर्वक गरेको अदालतवाट प्रमाणित भएमा ।

ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

## ९. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-

क.साधारण सदस्यता शुल्क :- प्रवेश शुल्क रु ५०। र वार्षिक सदस्यता शुल्क १००।

ख आजिवन सदस्यता शुल्क :- आजीवन सदस्यता शुल्क रु २५०० ।

# परिच्छेद - ४
## (साधारण सभा)

### १० .संस्थाको साधारणसभा वोलाउने तरिका र साधारणसभाका लागी लिनुपर्ने सूचना ।

१०.१ संस्थाको साधारण सभा देहाय वमोजिम हुनेछ ।

क) वार्षीक साधारण सभा :-

ख) विशेष साधारण सभा :-

१०.२ संस्थाको प्रथम वार्षिक साधारणसभा संस्था दर्ता भएको आ.व समाप्त भए पछिको मितिले २ महिना भित्रमा गर्नु पर्नेछ र त्यस पछिका वार्षिक साधारणसभाहरु आ. व. समाप्त भएको मितिले २ महिना भित्र गरि सक्नु पर्ने छ ।

१०.३ संस्थाको वार्षिक साधारण सभा गर्नका लागी कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभाका लागी कम्तिमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली साधारण सदस्यलाई सूचना दिनु पर्नेछ ।

१०.४ उपबुंदा १०.३ बमोजिम वोलाईएको साधारण सभामा बुंदा १३ वमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा वोलाई उपबुंदा १३.२ अनुरुप गर्नु पर्नेछ ।

### ११ कार्य समिति :-

क) कार्यसमितिको गठनः  निम्न पदमा साधारण सभावाट गठन हुनेछ ।

साधारण सभाले सदस्यहरु आंफु मध्येबाट कम्तीमा ४० प्रतिशत महिला वा पुरुपको सहभागीता र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा १ जना महिला वा पूरुष रहेको बहालवाला कर्मचारी, शिक्षक, जनप्रतिनिधि नरहने गरि बुंदा ६ अनुरुप समेत योग्य सदस्य मध्येबाट ७ देखि ११ सदस्य देहाय अनुरुपको कार्यसमिति गठन गर्नेछ ।

| पद | संख्या |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| सह-सचिव | १ |
| कोषाध्यक्ष | १ |

| | |
|---|---|
| सदस्य | २-६ |

ख) जम्मा ७ देखि ११ जनाको कार्य समिति रहने छ । (ग) कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ ।

घ) वार्षिक साधारणसभा हुनु भन्दा अगावै कार्यसमितिको कुनै पद रिक्त हुन आएमा वाँकी अवधिको लागी सो पद कार्यसमितिको बैठकको निर्णयद्धारा सदस्य मध्येबाट मनोनयन गरी पूर्ती गरिनेछ । यसरी नियुती भएको सदस्यको कार्यकाल वाँकी अवधि सम्मका लागी मात्र हुनेछ ।

ङ) कार्यसमितको वैठक आवश्यकता अनुसार कार्यसमितिको अध्यक्षको निर्देशनमा सचिवले वोलाउने छ ।

च) कार्य समितिको वैठकमा अध्यक्ष स्वंय उपस्थित हुनुपर्ने छ ।

छ) जम्मा सदस्य संख्याको. कम्तिमा ५१ % सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक वस्ने छैन ।

ज) कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा बैंठकमा उपस्थितिहरु मध्ये जेष्ठ सदस्यले गर्ने छ ।

झ) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

ञ) कार्य समितिको बैंठकमा छलफल भएको विषय र त्यस सम्बन्धमा भएको निर्णयको विवरण माईन्यूट छुटै किताबमा लेखी राख्नु पर्ने छ । सो निर्णय विवरणमा बैंठकमा उपस्थित सम्पूर्ण सदस्यको कम्तिमा ५१% ले सही गरी पारित भएको निर्णय मात्र मान्य हुनेछ ।

ट) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णय बाट हुनेछ ।

# परिच्छेद - ५
## काम, कर्तब्य र अधिकार

### १२) कार्य समितिको पदाधिकारीहरुको काम ,कर्तव्य र अधिकार :-

### १२.१ अध्यक्ष :-

क. साधारण सभा तथा वैंठकको अध्यक्षता गर्ने ।

ख. कार्य समितिको निर्णय अनुसार साधरण सभा वोलाउने एवं आवश्यकता अनुसार कार्य समितिको वैठक वोलाउने ।

ग. कार्यसमितिको वैठकमा कुनै विषयमा वरावर मत भएमा निर्णात्मक मत दिने ।

घ. विधान र साधारण सभाले तय गरेको दिशामा क्रियाशिल रहन नेतृत्व प्रदान गर्ने ।

ङ. वैंठकको निश्चित मिति, समय र स्थान तोक्ने ।

च. साधारण सभा र कार्य समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

छ. विभिन्न कार्यालय, संघ, संस्थासँग सम्पर्क तथा समन्वय कायम गर्ने गराउने ।

ज. छलफलमा प्रजातान्त्रीक तरिकाले सवैलाई वोल्ने अवसर दिन पहल गर्ने ।

झ. संस्थाका सदस्यलाई कृयाशिल गराई राख्न सामुहिक सामाजिक कृयाकलापमा संलग्न भइरहने ।

ञ.संस्थालाई उत्कृष्ठ वनाउन निरन्तर लागि रहने ।

ट. आफु कुनै कारणवस ३ दिन भन्दा वढी अवधिको लागि वाहिर जानुपर्ने भएमा उपाध्यक्षलाई जिम्मेवारी दिने ।

ठ. संस्थाको कार्य प्रगति एंव अगामी आ.व.को कार्यक्रम वनाई साधारण सभामा प्रस्तुत गर्ने, पारित कार्यक्रम संचालन गर्ने , संस्था नविकरण गराउने, मासिक प्रतिवेदन सम्वन्धित वडा कार्यालय तथा गाउँपालिकामा पेश गर्ने गराउने ।

ड) कोषाध्यक्ष वा सचिव र कोषाध्यक्ष दुवै संगको संयुक्त दस्तखतमा संस्थाको वैङ्क खाता संचालन गर्ने ।

## १२.२ उपाध्यक्ष :-

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पुर्ण कार्य गर्ने ।

ख. कार्यसमितिले तोकेको कार्यहरु गर्ने ।

ग. अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

## १२.३ सचिव :-

क. संस्थाको दैनिक कार्य सञ्चालन गर्ने ।

ख. वैंठक र साधारणसभाको निर्णय कार्यान्वयन गर्ने ।

ग. साधारणसभामा पेश गर्ने प्रतिवेदन तयार गर्ने ।

घ. कार्यसमितिले तोकेको काम गर्ने ।

ङ. संस्थाको प्रवक्ता भइ काम गर्ने ।

च. संस्थाका कागजातहरु सुरक्षित एवं व्यवस्थित राख्ने ।

छ. अध्यक्षको निर्देशनमा आवश्यकता अनुसार पत्राचार गर्ने ।

ज. विगतका निर्णयहरुको कार्यान्वयन भए नभएको ध्यानाकर्षण गराउने ।

झ. संस्थाका कृयाकलाप वारे सवै सदस्यहरुलाई जानकारी गराउने ।

ञ. संस्थाको चल अचल सम्पति र कागजातको जिम्मा लिने र दुरुस्त राख्ने पद मुक्त हुदाँ वरवुझारथ गर्ने ।

ट. कोषाध्यक्ष वा अध्यक्ष र कोषाध्यक्ष दुवैं संगको संयुक्त दस्ताखतमा संस्थाको वैङ्क खाता संचालन गर्ने ।

### १२.४ सह-सचिव :-

क. सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पुर्ण काम गर्ने ।

ख. सचिवको काममा सहयोग गर्ने ।

### १२.५ कोषाध्यक्ष :-

क. अध्यक्ष वा सचिव वा दुवै संगको सयुक्त दस्तखतमा संस्थाको वैङ्क खाता संचालन गर्ने ।

ख. आर्थिक आय व्याय पारदर्शी रुपमा दोहोरो लेखा प्रणाली अनुरुप राख्ने ।

ग. सस्थाको आय व्याय वार्षिक साधारण सभामा पेश गर्ने ।

घ. सस्थाले निर्माण गरेको आर्थिक नियमावली कार्यान्वयन गराउने ।

ङ संस्थाको आर्थिक कारोवारको श्रेस्ता राख्ने र पदमुक्त हुदाँ वरवुझारथ गर्ने ।

### १२.६ सदस्यहरुको काम, कर्तब्य र अधिकार :-

क. नियमित वैंठकमा उपस्थित भई कायसमितीको निर्णय तथा निर्देशनलाई कार्यान्वयन गर्ने ।

ख. कार्यसमितिले तोकेको कार्य गर्ने ।

ग. नविकरण शुल्क  र अन्य शुल्क समयमा वुझाउने र अन्य सदस्यलाई समयमा वुझाउन प्रेरित गर्ने ।

घ. संस्थाले गरेका निर्णयमा प्रतिवद्धताका साथ कार्यान्वयन गर्ने ।

ङ. संस्थालाई उत्कृष्ठ वनाउन सवै सदस्यहरुको योगदान जुटाउने ।

च. संस्थाका पदाधिकारीहरुको कामको लेखाजोखा गर्ने, राम्रो काम गर्नेलाई प्रोत्साहन दिने र गलत गर्नेलाई सचेत गराउने, गलत कार्य नछाडेमा समितिको वैंठकमा निर्णय गराई सदस्य पदवाट हटाउने ।

### १३. गणपुरक संख्या :-

१) कुल सदस्य संख्याको ५१% सदस्यहरुको उपस्थिती नभई साधारण सभाको अन्य काम कार्वाही हुने छैन ।

२) पहिलो साधारण सभामा गणपूरक संख्या नपुगे दोश्रो साधारण सभामा कूल सदस्य संख्याको ३३ प्रतिशत  वा कार्य समितिको संख्या जुन बढी हुन्छ सो आधारमा बैठक बसी बहुमतले निर्णय गर्न सक्नेछ ।

### १४.  संस्थाको कोष :-

१) संस्थाको एक नीजि कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु रहनेछ ।

क) सदस्यता शुल्क वापतको रकम ।

ख) कसैले स्वेच्छाले दिएको रकम ।

ग) संस्थाको सदस्यहरुले मासिक रुपमा उठाएको रकम ।

घ) देश, विदेशका संस्थाहरुवाट प्राप्त हुने अनुदान रकम ।

ङ) उपबुंदा १४.१.घ) मा जुन सुकै कुरा लेखिएको भएता पनि बिदेशी संस्थाबाट अनुदान लिंदा कानुन वमोजिम नेपाल सरकार/स्थानीय सरकारको स्वीकृतीमा मात्र संस्थाले अनुदान ग्रहण गर्न सक्नेछ ।

## १५. खाता सञ्चालन :-

क) संस्थाको अध्यक्ष र कोषाध्यक्ष वा कोषाध्यक्ष र सचिव वा अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्ताखतवाट खाता सञ्चालन गरिनेछ

ख) प्रचलित ऐन नियम अनुसारको खर्च गर्ने र श्रेष्ता राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## १६. लेखा :-

क) संस्थाको आयव्ययको विवरण प्रचलित कानुन वमोजिम राख्नु पर्नेछ ।

ख) संस्थाको लेखा परीक्षण गराउदा वार्षिक साधारण सभावाट सरकारी मान्यता प्राप्त लेखा परिक्षकको नियुक्त गरी गर्नु पर्नेछ ।

ग) लेखा परिक्षण गराई त्यसको विवरण सम्वन्धित वडा कार्यालय र गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनूपर्नेछ ।

घ) नेपाल सरकार वा गाउँ कार्यपालिकाको कार्यालयले चाहेमा जुन सुकै वखत पनि संस्थाको हिसाव किताव जाँच्न वा जचाँउन सक्नेछ ।

# परिच्छेद-६

निर्वाचन

## १७. संस्थाको कार्यसमितिको निर्वाचन देहाय अनुसार हुनेछ ।

क) साधारण सभाले सदस्यहरु आंफु मध्येवाट कार्य समितिको निर्वाचन गर्नेछ ।

ख) कार्यसमितीमा ५ जना मुख्य पदाधिकारी वढीमा ६ जना सदस्य साधारण सदस्य सभावाट निर्वाचित गरी वढीमा ११ सदस्य भएको कार्यसमिती हुनेछ । अध्यक्ष, सचीब, कोषाध्यक्ष मध्ये अनिबार्य एक महिला वा पूरुष पर्ने गरी सम्पूर्ण कार्य समितीमा ४०% महिला वा पूरुष हुनुपर्ने छ।

ग) कार्यसमितीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह-सचिव १, कोषाध्यक्ष १ र सदस्यहरु हुनेछन्

घ) निर्वाचित पदाधिकारीको कार्यअवधी २ वर्षको हुनेछ ।

ङ) सर्वसहमतिवाट कार्यसमिति वन्न नसके आम सभाले साधारण सदस्यहरुवाट ३ सदस्यीय निर्वाचन आयोग गठन गर्नेछ ।

च) गठीत निर्वाचन आयोगले निर्वाचन विनियम तयार गरी कार्यसमितिको पदाधिकारीको छनौट गर्नेछ ।

छ) उमेरद्धार हुनलाई १ प्रस्तावक र १ समर्थक साधारण सदस्य आवश्यक हुनेछ ।

ज) निर्वाचनमा बहुमत प्राप्त व्यक्तीलाई विजयी घोषणा गरिनेछ ।

झ) निर्वाचनमा साधारण सदस्य तथा आजिवन सदस्यलाई मात्र मत लगाउने अधिकार रहन्छ ।

## १८. उमेरद्धार हुनलाई योग्यता :-

क) नेपाली नगरिक र १८ वर्ष पुरा गरेको व्यक्ति ।
ख) सार्वजनिक सम्पतीको दुरुपयोग गरी भ्रष्ट्रचारीको अभियोगमा परेको, चोरी, ठगी, फौजदारी अभियोग लागी सजाय पाएकोभए सजाय भुक्तान भएको कम्तिमा ३ वर्ष व्यतित गरेको हुनुपर्नेछ ।
ग) संस्थालाई वुझाउनु पर्ने नगद वा जीन्सि सम्पति बुझाई सकेको व्यक्ती ।
घ) संस्थाको सम्पिती हिनामिना नगरेको व्यक्ती ।

## १९. अविश्वासको प्रस्ताव :-

साधारण सदस्यको २५ प्रतिशत सदस्यले लिखित रुपमा अध्यक्ष समक्ष अविश्वासको प्रंस्ताव गरेमा नीजले प्रस्ताव दर्ता भएको मितिले १ महिना भित्र साधारण सभा बोलाउनेछ र दुई तिहाई बहुमतवाट उत्त प्रस्ताव पारित भएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ । अविश्वासको प्रस्ताव पारित भएमा सम्वन्धित पदाधिकारी पदमुक्त हुनेछ ।

## २०. विधान संसोधन :-

टोल विकास संस्था व्यवस्थापन कार्यविधि,२०७५ को कुनै बुंदा वा उपबुंदा संसोधन वा खारेज गर्नु पर्ने मनासिव कारण भएमा सो उल्लेख गरि संस्थाको साधारण सभाको कुल सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरि गाउँ कार्यपालिकाको कार्यालय समक्ष सिफारीस गरी पठाउनु पर्नेछ । गाउँ कार्यपालिकाको बैठकमा स्वीकृत भए पश्चात मात्र विधानको कुनै बुंदा वा उपबुंदा संसोधन वा खारेज भएको मानिनेछ ।

## २१ . विनियम वनाउन सक्ने :-

संस्थाले यस कार्यविधिको प्रतिकुल नहुने गरि आफ्नो कार्य सम्पादन गर्ने सर्न्दभमा अवश्यक विनियम वनाउन सक्नेछ र सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयलाई दिनुपर्नेछ ।

## २२ तदर्थ समिती :-

संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समिति यसै विधान अनुसार गठन भएको मानिने छ । यसले गरेका कार्य पनि विधान बमोजिम भएको मानिने छ । तदर्थ समितिले आ.व.समाप्त भएको २ महिना भित्र विधान अनुसार निर्वाचनद्धारा नयाँ कार्यसमितिको निर्वाचन गर्नु पर्नेछ ।

## २३. संस्थाको खारेजी :-

१) संस्थाको साधारण सभाको दुई तिहाई बहुमतले संस्था खारेज गर्न आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि सो को जानकारी गाउँपालिकामा पठाउनु पर्नेछ । सो सम्वन्धमा गाउंपालिकाको निर्णयानुसार हुनेछ ।

२) उपबुंदा २३.१ वमोजिम खारेजिको लागि गाउँपालिकाले संस्थाको हिसाब किताब जाँच गर्नका लागि एक वा एकभन्दा वढी लेखा परिक्षकहरु नियुक्ति गर्न सक्नेछन । लेखापरिक्षकहरु को पारिश्रमिक साधारण सभाले तोकिदिए वमोजिम संस्थाले व्यहोर्नु पर्नेछ ।

३) उपबुंदा २३.२ वमोजिम नियुक्त लेखापरिक्षकले संस्थाको हिसाव किताबको जांच गरि प्रतिवेदन पेश गरे पश्चात गाउँपालिकाले खारेजी सम्बन्धी अन्तीम निर्णय गर्नेछ ।

४) संस्था खारेज भै समाप्ती भएमा यो संस्थाको सबै सम्पति कानुन वमोजिम वा गाउँपालिकाको हुनेछ ।

## २४. ऐन कानुन अनुसार हुने :-

यस विधानमा उल्लेखित प्रावधानहरु प्रचलित ऐन, नियम र कानुनसँग बाझिन गएमा वाझिएको हद सम्म स्वतः निश्क्रिय हुनेछ ।

## २५ विविध :-

क) संस्थाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपालको अखण्डता, सार्वभौमत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल् पुग्ने कुनै कृयाकलाप गर्न पाईने छैन ।

ख) पद रिक्तता :- कार्य समितिका पदाधिकारी र सदस्यहरु निम्न आवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् ।

१. आफ्नो पदबाट राजीनामा दिई कार्य समितिबाट स्वीकृत भएमा ।

२. मानसिक असन्तुलन भएमा वा मृत्यु भएमा ।

३. अविश्वासको प्रश्ताव पारीत भएमा ।

ग) पदपूर्ति :- संस्थाको पदाधिकारी  तथा सदस्यको पद कुनै कारणवस रिक्त हुन आएमा कार्य समितिद्धारा साधारण सदस्यहरु मध्येबाट कुनै एक सदस्यलाई बाँकी अवधीका लागि मनोनित गरी पदपूर्ति गर्न सकिने छ। तर ६ महिना भन्दा कम अवधिका लागि पद पुर्ती गरिने छैन।

घ) राजीनामा : कार्य समितिको अध्यक्षयले कार्य समिति समक्ष र अन्य पदाधिकारीहरुको हकमा राजिनामा दिनुपर्ने भएमा संस्थाको अध्यक्ष समक्ष दिनुपर्ने छ। प्राप्त हुन आएको राजिनामा स्वीकृत गर्ने वा नगर्न अधिकार कार्यसमितिको पूर्ण बैठकमा निहित हुनेछ।

ङ) नियम बनाउन सक्ने :-संस्थाले आफ्नो कामको आवश्यकताको आधारमा यस कार्यविधिको परिधि भित्र रहेर  विभिन्न उप नियम समेत बनाउन सक्नेछन् । गाउँपालिकाले आवश्यक्ता अनुसार यस कार्यविधिका कुनै प्रावधान खारेजी तथा थप समेत गर्न सक्नेछ।

च) कर्मचारी नियूक्त :- संस्थाको दैनिक कार्य संचालन तथा आवश्कता अनुसार कार्य समितिले कर्मचारिहरु नियुत्ती गर्न सक्ने छ र यसरी नियुत्ति गरिएका कर्मचारिको पारिश्रमिक तथा सेवाका सर्तहरु संस्थाको नियम वमोजिम हुनेछ।

छ) यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ र प्रचलित कानुनसँग वाझिन गएको हदसम्म स्वत निष्कृय हुनेछ।

ज) उपसमिति सम्वन्धि व्यवस्था :- कार्य समितिले विभिन्न कामको लागी आवश्यक ठानेमा उप-समितिको गठन गर्न सक्ने छ।

झ) यस संस्थाले कानुन बमोजिम स्थानिय स्तरमा उत्पादित वस्तु तथा सेवाहरु खरिद तथा विक्री गर्न सक्ने छ साथै स्थानिय स्तरमा संचालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा संस्था प्रत्यक्ष रुपमा संलग्न हुन पाउने छ।

ञ) संस्थाको वैठक महिनामा कम्तिमा १ पटक अनिवार्य वस्नु पर्नेछ र आवश्यक्ता अनुसार थप वैठक समेत वस्न सकिनेछ।

ट) यस कानुनको अधिनमा रहि सम्वन्धित वडा कार्यलयका जनप्रतिनिधि वा वडा सचिव वा तोकिएका सामाजिक परिचालकको रोहवरमा टोल विकास संस्था गठन गरि सम्वन्धित वडा कार्यालयको सिफारिस साथ आए पछि संस्थालाई गाउँपालिकामा दर्ता गरि अनुसुचि ३ अनुरुपको प्रमाण पत्र उपलब्ध गराईनेछ। संस्थाको गाउँपालिकामा वार्षिक रुपमा नविकरण गर्नु पर्नेछ।

ठ) संस्थाको कार्यसमिति, सल्लाहकार समिति को नामावली अनुसुचि ४ को ढांचामा अलग अलग राख्नु पर्ने छ।

अनुसूचि - १

# घरधुरी (साधारण सदस्य) तथ्याङ्क संकलन फारम

टोल विकास संस्थाको नाम ............................ दर्ता नम्बर :
वडा नं. ..... ठेगाना : ............................ गठन मिति :

| क.सं. | घर नम्बर | घरमुलीको नाम | परिवार संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | बालक | बालिका | जम्मा |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| क्रमश: | | | | | | | |

## अनुसूचि - २

## (संस्थाको छाप)

**अनुसुचि ३**
**हतुवागढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घोडेटार, भोजपूर**

**१ नं. प्रदेश, नेपाल**

# प्रमाण पत्र

समूह पद्धतिलाई सूव्यवस्थित गर्दै स्थानीय रुपमा उपलब्ध श्रम, सिप, साधन तथा अवसरहरु लाई अधिकतम परिचालन गरि सहभागितात्मक योजना तर्जुमा तथा कार्यान्वयन गर्न, उद्यमि समाजको निमार्ण गर्न तथा टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने उद्देश्यले टोल विकास संस्था व्यवस्थापन कार्यविधि,२०७५(हतुवागढी गाउँपालिका,घोडेटार,भोजपूर) वमोजिम एक सामाजिक संस्थाको रुपमा यस भोजपूर जिल्ला, हतुवागढी गाउँपालिका वडा नं. .....टोल ........ मा मिति ............ मा गठिन श्री ...................... टोल विकास संस्थालाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

**दर्ता नं. :**
**मिति :**

................................
**प्रमुख प्रशासकीय अधिकृत**

# नविकरण विवरण

टोल विकास संस्थाको नाम :
ठेगानाः

| क.सं. | नविकरण मिति | संस्था दर्ता नं. | नविकरण कायम रहने अवधि | नविकरण गर्नेको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसुचि ४

# समितिको नामावली /विवरण

टोल विकास संस्थाको नाम ............................ दर्ता नम्बर :
वडा नं. ..... ठेगाना : ............................ गठन मिति :

| क्र.स. | नाम थर | पद | ठेगाना | बाबु/पति | बाजे/ससुरा | ना.प्र.नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | उपाध्यक्ष | | | | | |
| ३ | | सचिव | | | | | |
| ४ | | सह-सचिव | | | | | |
| ५ | | कोषाध्यक्ष | | | | | |
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |
| ८ | | सदस्य | | | | | |
| ९ | | सदस्य | | | | | |
| १० | | सदस्य | | | | | |
| ११ | | सदस्य | | | | | |